"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहर : सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

नगर उप-प्रमुख श्री जगेश्वरदेवी चौधरीज्यूबाट नगरसभामा पेश भएको

# आर्थिक वर्ष २०७६/०७७ को बजेट वक्तव्य

# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश नेपाल

मिति : २०७६/०३/१०

**आदरणीय नगर प्रमुखज्यू, नगरकार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सदस्यज्यूहरु, कर्मचारी वर्गहरु, संचारकर्मी मित्रहरु,**

१. तिलोत्तमा नगरपालिकाको नगर उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस सम्मानित सभामा आगामी आर्थिक वर्ष २०७६।०७७ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

२. यस अवसरमा म सर्वप्रथम राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि बलिदान हुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । मूलुकको अग्रगामी परिवर्तनका लागि भएका सवै प्रकारका आन्दोलनमा नेतृत्वदायी भूमिका खेल्ने सवै राजनीतिक अग्रजप्रति सम्मान व्यक्त गर्न चाहान्छु । साथै सवै घाईते, बेपत्ता योद्धा एवं पीडित परिवार र नागरिकप्रति तिलोत्तमा नगर सरकारको तर्फबाट हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

३. नेपालको संविधानमा उल्लिखित राज्यको निर्देशक सिद्धान्त, संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दीगो विकासका लक्ष्य, संघीय, प्रादेशिक तथा स्थानीय ऐन, कानून र कार्यविधिहरुबाट निर्देशित हुँदै यसै सम्मानित नगरसभाबाट स्वीकृत नगर सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु । यसै गरी राजनैतिक दलका स्थानीय नेतृत्वका सुझाव, विगतको अनुभव, नागरिक समाज, निजी क्षेत्र, सहकारी क्षेत्र, स्थानीय सामुदायिक संघ संस्था, वुद्धिजीवी, संचारकर्मी लगायतका क्षेत्रहरुबाट प्राप्त राय, परामर्श, सुझाव लगायतका अन्य विभिन्न क्षेत्रका प्राप्त रचनात्मक सुझावहरुलाई समेत समेट्दै आगामी आ.व. २०७६/७७ को बजेट तर्जुमा गरिएको छ ।

४. "समुन्नत सुरक्षित र वातावरणीय सुन्दर शहर : सुशासनयुक्त, पर्यटकीय र समृद्ध तिलोत्तमा नगर" सहितको दुरदृष्टि (**Vision**) र नगरबासीलाई सर्वसुलभ, भरपर्दो, गुणस्तरीय नगरसेवा तथ सुविधा उपलब्ध गराई नगरबासीहरुको जीवनस्तरमा क्रमिक सुधार ल्याउने गरी तय गरिएको गन्तव्य (**Mission**) मूर्तरुप दिन नगर सरकार दृढसंकल्पित रहेको छ ।

५. बजेट तर्जुमा गर्दा, मैले संघ र प्रदेश सरकार सँग समन्वय र साझेदारी गर्दै उपलब्ध स्रोत र साधनको महत्तम उपभोग गर्नुपर्ने मान्यतालाई जोड दिएको छु । नेपालको संविधानमा उल्लिखित स्थानीय तहको अधिकारसूची, सार्वजनिक सेवा प्रवाहमा नगर सरकारको भूमिका र सञ्चालित विकास आयोजनाहरुको कार्यान्वयनको अवस्थालाई ध्यानमा राख्दै चालु आर्थिक वर्षका कार्यक्रमलाई आवश्यकता अनुरुप परिमार्जन, संशोधन र निरन्तरता दिदै अब्बल, गतिशील र लगानी मैत्री नगरपालिकाको पहिचान स्थापित हुने गरी बजेट विनियोजन गरेको छु

६. वित्तीय संघीयता अनुरुप विभिन्न तह र निकायहरुबाट प्राप्त हुने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी बजेटका प्राथमिकता र उद्धेश्य हासिल हुने कार्यक्रमहरुमा लगानी केन्द्रित गरेको छु । यो लगानीबाट उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिबी न्यूनिकरण र रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि गर्दै समग्र नगरको विकास र समृद्धिका प्रमुख लक्ष हासिल हुने अपेक्षा गरिएको छ ।

७. यस बजेटमा नगर सरकारको क्षेत्राधिकार भित्रका कर तथा गैरकर र राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखिएको छ । निर्धारित समयमै विकास आयोजनाको नतिजामूलक कार्यान्वयन गर्नको लागि तिलोत्तमाको निर्माणाधिन भ्यू-टावर, प्रशासनिक भवन, सभाहल सहितको अतिथी गृह, वडा कार्यालयका प्रशासनिक भवन जस्ता

क्रमागत योजनाहरुलाई यथासक्य छिटो सम्पन्न गर्ने गरी प्राथमिकताका साथ बजेटको व्यवस्था गरेको छु ।

८. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट प्रस्ताव गरेको छु। यसैगरी मध्यमकालिन खर्च संचरनाको निर्माण गरी योजनाको प्राथमिकरण सहित स्रोतको सुनिश्चितता गरि बजेटलाई बढी बस्तुपरक र कार्यान्वययोग्य बनाईएको छ ।

**सभाका आदरणीय अध्यक्षज्यू**

९. आगामी आ.व. २०७६/७७ को बजेट देहायका उद्देश्य प्राप्तिमा केन्द्रित रहनेछ । **"समृद्ध नगर : खुसी नगरवासी"** भन्ने हाम्रो लक्ष हासिल गर्नको लागि वलियो आधार तय गर्नु यस बजेटको मूल उद्देश्य रहनेछ भने अन्य उद्देश्यहरु देहाय अनुसार रहेका छन् ।

- शिक्षा क्षेत्रमा लगानीको मात्रा बढाई नगरको शिक्षाको गुणस्तरमा फड्को मार्ने ।
- गहुँ, मकै, दुध, तरकारी, माछा लगायतका कृषि बालीमा अनुदान, पशु विमा, धानबालीलाई प्रोत्साहन गर्दै संचालनमा रहेका सिचाई प्रणालीको सुद्धढीकरण गरी कृषि उत्पादन बढाउने।
- नगरको आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधारको विकास गरी **"समृद्ध नगर : खुसी नगरबासी"** को लक्ष्यलाई प्राप्त गर्ने ।
- स्थानीय उपलब्ध स्रोत, अवसर र क्षमताको अधिकतम उपयोग गरी नगरको समग्र विकास गर्ने ।
- नगरपालिकाको समग्र सेवा प्रवाहको गुणस्तरमा सुधार ल्याउने ।

१०. यस बजेटका प्राथमिकताहरु देहाय अनुसार रहेका छन् ।

- नगरको शिक्षा प्रणालीमा परिणात्मक र गुणात्मक सुधार ल्याउने ।

- क्रममागत रुपमा संचालनमा रहेका आयोजनाकाहरुकोनिर्माण कार्यपूरा गर्ने ।
- कृषि, पशुपालन, पर्यटन, उद्योग, व्यापार, व्यवसाय फस्टाउन सक्ने गरी लगानीको बातावरण सिर्जना गर्ने, त्यसका लागि लगानी सम्मेलन समेत आयोजना गर्ने ।
- नगरको मुहार फेर्ने नयाँ आयोजनाहरु संचालनमा ल्याउने ।
- समावेशी विकास, दीगो विकास, सहस्राव्दी विकास लक्ष्य, हरियाली प्रवर्धन, वातावरण संरक्षण लगायत विकास समसामयिक मुद्धाहरुलाई निरन्तर सम्बोधन गर्ने ।

११. नगर सरकारले बजेटका उद्धेश्यहरु हासिल गर्न र प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग सह-अस्तित्व, समन्वय र साझेदारी गर्नेछ । नगरमा उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न सहकारी र निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकतामा राखिने छ ।

**आदरणीय अध्यक्षज्यू,**

**अव म चालु आ.व. २०७५/७६ को हालसम्मको यथार्थ आय व्यय तर्फको विवरण प्रस्तुत गर्न चाहन्छु ।**

१२. यसै नगरसभाको तेस्रो अधिवेशनबाट मिति २०७५ असार १० गते रु १,३५,३२,५१,००० (अक्षेरुपी एक अर्व पैतिस करोड वत्तीस लाख एकाउन्न हजार रुपैयामात्र) को बजेट प्रस्तुत गरिएको थियो । जसमध्ये चालुतर्फ ५९ करोड २७ लाख र पूजिगत तर्फ ७६ करोड ५ लाख ५१ हजार खर्च अनुमान रहेको थियो ।

१३. नगरसभाबाट स्वीकृत बजेट अनुसार आ.व. ०७५/७६ मा आन्तरिक राजश्व परिचालनतर्फ ४१ करोड ८३ लाख ४० हजार लक्ष्य राखिएकोमा चालु आ.व.को ज्येष्ठ मसान्तसम्म ३७ करोड २५ लाख

५ हजार ६ सय ९७ रुपैया १६ पैसा उठेको छ । चालु आ.व.को ज्येष्ठ मसान्तसम्म आयतर्फ कुल अनुमानको ९०.५६ प्रतिशत प्रगति भएको छ भने चालुतर्फ ७८.५० प्रतिशत र पुजीगतर्फ ७०.०६ प्रतिशत खर्च भएको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

**यस सम्बन्धी विस्तृत विवरण अनुसूची १ मा उल्लेख गरिएको छ ।**

**सम्मानीय सभाध्यक्षज्यू,**

१४. अब म आगामी आ.व. २०७६/७७ का लागि तिलोत्तमा नगरपालिकाको आम्दानीका स्रोतहरुको संक्षिप्त विवरण राख्न चाहान्छु ।

- आन्तरिक राजश्वतर्फ : ५० करोड १२ लाख ७० हजार १ सय १५ रुपैया आम्दानी हुने लक्ष्य राखिएको छ ।
- अन्तर सरकारी वित्तिय हस्तान्तरणबाट : १ अर्व ७६ लाख ३९ हजार ८८५ रुपैया प्राप्त हुने लक्ष्य लिएका छौं ।
- निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम मार्फत : २ करोड ५० लाख रुपैया रकम प्राप्त हुने लक्ष्य लिएका छौं ।
- गत वर्षको मौज्दात रकमः रु १ करोड रहने लक्ष रहेको छ ।
- यसरी हाम्रो कुल बजेट रु : १ अर्व ५४ करोड ३९ लाख १० हजार रहेको छ ।

**यसको विस्तृत विवरण अनुसूची १ मै समावेश गरिएको छ ।**

१५. यसका अतिरिक्त संघीय सरकारको समपूरक र विशेष अनुदानका आधारमा थप योजना तथा कार्यक्रम प्राप्त हुन सक्ने सम्भावना समेत रहेको हुँदा यसरी प्राप्त हुने बजेटबाट कार्यान्वयन गर्नको लागि आयोजनाहरुको छनौट गरी प्रोजेक्ट वैंक बनाएर राख्ने व्यवस्था मिलाईएको छ।

**सम्मानित सभाध्यक्षज्यू, अव म आगामी आ.व.को लागि क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहान्छु ।**

**शिक्षा**

१६. आगामी तीन वर्ष भित्र सामुदायिक र संस्थागत विद्यालय बीचको असमानता कम गरी समग्र शिक्षा प्रणालीमा सुधार गर्ने गत सालको योजना अनुरुप कार्यान्वयन भईरहेका सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम, सामुदायिक विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधार सुधार, दरवन्दी कम भएका विद्यालयमा शिक्षक व्यवस्थापन जस्ता कार्यक्रमहरुलाई यस आ.व. मा समेत निरन्तरताका लागि बजेट व्यवस्थापन गरिएको छ ।

१७. सामुदायिक विद्यालयहरुको भवन निर्माण तथा पूर्वाधार निर्माणको लागि रु. ६ करोड ६४ लाख विनियोजन गरिएको छ ।

१८. सामुदायिक विद्यालय हरियाली कार्यक्रम, वालविकास शिक्षकलाई थप प्रोत्साहन भत्ता, स्थानीय पाठ्यक्रम निर्माण, वालमैत्री स्थानीय शासन लगायतका महत्वपूर्ण कार्यक्रमको लागि आगामी आ.व.मा शिक्षा तर्फ जम्मा रु.३१ करोड ६६ लाख २७ हजार रकम विनियोजन गरिएको छ

**स्वास्थ्य**

१९. "स्वस्थ नगरबासी : स्वस्थ नगर" भन्ने सोचसहित गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पँहुच सुनिश्चित गर्ने कार्यलाई निरन्तरता दिईने छ । गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्यका लागि स्वास्थ्य विमा कार्यक्रम, महिला स्वास्थ्य स्वयंसेविका यातायात खर्च जस्ता विगतका कार्यक्रमहरुलाई निरन्तरता दिईने छ । वर्थिङ सेन्टरमा सुत्केरी हुने महिलाहरुलाई नेपाल सरकारले उपलब्ध गराएको सुविधाको अतिरिक्त प्रोत्साहन स्वरुप रु. ५०० का दरले भत्ता उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२०. नगरपालिकाभित्र रहेका स्वास्थ्य चौकीहरुको क्षमता अभिवृद्धि, औजार उपकरण लगायत औषधी खरिदको लागि आवश्यक बजेट विनियोजन गरिएको छ । शहरी स्वास्थ्य केन्द्र भवन निर्माण कार्यको लागि रु. ५० लाख बजेटको व्यवस्था गरिएको छ । मधवलिया र टिकुलीगढ स्वास्थ्य चौकीमा ल्याव संचालनार्थ अक्षयकोष स्थापनाको लागि रु. १० लाख बजेट विनियोजन गरेको छु ।

२१. उमेर पुगेका महिला स्वयंसेविकाहरुलाई प्रोत्साहित गर्नको लागि नेपाल सरकारले प्रदान गर्ने रकममा नगरपालिकाको तर्फबाट केही रकम थप गरी "सुनौलो अवकास योजना" सञ्चालन गरिने व्यवस्था मिलाएको छु ।

२२. प्रसुति सेवा लिने महिलालाई प्रोत्साहन गर्न यातायात खर्च, स्वास्थ्य संस्थाकालागि औषधी खरिद एवं पूर्वाधार विकास, रक्तदान सेवा अनुदान, योग ध्यान र साधना प्रवर्धन, निशुल्क स्वास्थ्य शिविर संचालन लगायतका कार्यक्रममा समेत गरी यस आ.व.मा स्वास्थ्य क्षेत्रमा जम्मा रु. ५ करोड ३३ लाख ७६ हजार विनियोजन गरिएको छ ।

**कृषि, पशुपालन र सिँचाई**

२३. कृषि क्षेत्रमा विविधीकरण, विशिष्टीकरण र यान्त्रिकरण गरी कृषि उत्पादनमा व्यवसायीकरणलाई बढवा दिन र अर्गानिक कृषिलाई प्रोत्साहन गर्नका लागि विगतको कार्यक्रमहरुलाई आगामी आ.व.मा समेत निरन्तरता दिइनेछ । एक गाउँ एक कृषि उत्पादन, कृषि विमा, तरकारी वाली, मकै वाली, गहुँ वाली, माछापालन र वाख्रापालन कार्यक्रमको लागि पकेट क्षेत्र विकास तथा विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । सहकारी र समूहमार्फत गरिने सामूहिक खेती प्रणालीको अनुदानका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । छाडा चौपाया र वन्यजन्तुबाट किसानको बालिमा हुने

क्षती न्यूनिकरण गर्ने लगायतका गत वर्षका कार्यहरुलाई निरन्तरता दिने गरी बजेटको व्यवस्था मिलाईएको छ ।

२४. आम कृषकहरुलाई व्यवसायिक कृषि प्रणालीमा प्रेरित गर्नको लागि गहुँ, मकै र पुष्प खेतीमा अनुदान, कृषि तथा पशुपालन ऋणमा व्याज अनुदान, दुग्ध उत्पादक किसानलाई उत्पादनका आधारमा अनुदान दिने व्यवस्था सहितको बजेट प्रस्ताव गरिएको छ । हाटबजार व्यवस्थापन र खाद्य गुणस्तर परिक्षण प्रयोगशाला स्थापनाको लागि समेत आवश्यक बजेटको व्यवस्था गरिएको छ । १६ मौजा नहर निर्माण, ३६ मौजा नहर निर्माण, सिचाई वोरिङ्ग अनुदान लगायतका सिचाईका कार्यक्रममा कूल ८० लाख बजेट विनियोजन गरेको छु ।

२५. यसरी कृषि, पशुपालन र सिँचाईतर्फका कार्यक्रमको लागि कूल ७ करोड २७ लाख ५७ हजार २ सय २६ रुपैया बजेट प्रस्ताव गरेको छु ।

## उद्योग तथा वाणिज्य

२६. नगरवासीको ठूलो आशा र भरोसाको रुपमा रहेको तिलोत्तमा नगरपालिका गुणात्मक तिव्र विकासको फड्को मार्ने क्रममा रहेको छ । तिलोत्तमा नगरपालिकालाई औद्योगिक क्षेत्रको रुपमा विकास गर्ने उद्देश्यका साथ लगानी आकर्षित गर्नको लागि लगानी सम्मेलनको आयोजना गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२७. यस क्षेत्रमा समग्र औद्योगिक वातावरण सृजना गरी औद्योगिक विकासको माध्यमबाट अझ बढी आर्थिक विकास हासिल गर्न तिलोत्तमा उद्योग ग्राम, सीपमूलक तालिम संचालन, विभिन्न खालका रोजगार प्रवर्धन कार्यक्रम, तिलोत्तमा कोशेली घर संचालन लगायतका कार्यक्रम कार्यन्वयन गर्न समग्र उद्योग तथा वाणिज्यको क्षेत्रमा १ करोड १२ लाख ३८ हजार रकम विनियोजन गरेको छु । यसका

अतिरिक्त असल औद्योगिक वातावरणका लागि आर्थिक ऐन मार्फत कर छुटको समेत व्यवस्था गरिएको छ ।

**पर्यटन**

२८. भगवान गौतमबुद्धको जन्मस्थान लुम्बिनीसँगै, गौतमवुद्धसँग जोडिएका अन्य स्थानहरुसँगको सामिप्यता रहेको यस नगरपालिकामा पर्यटन विकासको प्रयाप्त सम्भावना देखिएको छ । यस नगरपालिकाको क्षेत्रमा पर्ने सिक्स लेन सडकको डिभाईडरमा वुद्धमुर्ति स्थापना गर्ने गतवर्षको कार्यलाई निरन्तरता दिनको लागि २५ लाख रुपैया बजेटको व्यवस्था गरिएको छ ।

२९. यस नगरपालिका अन्तर्गत वनबाटीकामा निर्माणाधिन रहेको भ्यू-टावरको लागि ३ करोड रकम विनियोजन गरिएको छ । यस क्षेत्रमा पर्यटकहरुलाई आकर्षण गर्नको लागि सखिया थारु होमस्टे सामुदायिक भवन निर्माण, शंकरनगर वनबाटीका पूर्वाधार निर्माण, बाउन्नकोटी ताल संरक्षण लगायतका कार्यक्रमहरुमा आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**साहित्य, कला र संस्कृति**

३०. आदिवासी जनजाती, दलित, थारु लगायत अन्य लोपोन्मुख जातिका भाषा, धर्म र संस्कृतिको संरक्षणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । मौलिक संस्कृतिको प्रवर्द्धन र छाडा संस्कृतिलाई निरुत्साहित गर्ने कार्यक्रम, भाषाकला संस्कृति संरक्षण सम्वर्द्धन कार्यक्रम, मोक्षधाम पूर्वाधार निर्माण, श्रीङ्गेश्वरधाम पूर्वाधार निर्माण लगायतका कार्यक्रममा समेत गरी रु.७१ लाख ७० हजार बजेट विनियोजन गरिएको छ ।

**भवन, शहरी विकास र पूर्वाधार**

३१. गत वर्षदेखि निर्माणाधिन अवस्थामा रहेको तिलोत्तमा नगरपालिकाको प्रशासनिक भवनलाई यसै वर्ष संचालनमा ल्याउने गरी निर्माण कार्य

अगाडी बढीरहेको छ, यसका लागि रु. ३ करोड बजेट विनियोजन गरेको छु । वडा नं.-५, ८, ९, ११, १३ र १६ का वडा कार्यालय भवन निर्माण क्रमागतको लागि रु २ करोड ५० लाख बजेट छुट्याईएको छ । वडा नं. ३ को प्रशासनिक भवन, वडा नं ९ मा निर्माणाधिन सभाहल सहितको अतिथी गृह र विभिन्न सामुदायिक भवन निर्माणका लागि आवश्यक रकम विनियोजन गरिएको छ ।

३२. तिलोत्तमा नगरपालिकाको क्षेत्रभित्रका जग्गा पुनःनापी र सार्वजनिक जग्गा संरक्षण गर्ने कार्यलाई यस वर्ष समेत निरन्तरता दिनको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ । यसैगरी तिलोत्तमा नगरपालिकाको वडा नं १३ र १४ मा प्रस्तावित प्रादेशिक बसपार्क निर्माण कार्यलाई यसै वर्षदेखि अगाडी बढाउनको लागि रु १ करोड बजेट प्रस्ताव गरेको छु । तिलोत्तमा नगरपालिकाको शंकरपुर पश्चिम प्रशासनिक भवन सम्मको सडक कालोपत्रे गर्नको लागि रु. १ करोड बजेट विनियोजन गरिएको छ । यसै गरी तिलोत्तमा नगरपालिकाको क्षेत्रभित्र रहेका घरको पहिचान गरी सूचना प्रविधिमा पहूच पुर्याउनको लागि लागत सहभागिताको आधारमा प्रत्येक घरमा घर नं. सहितको पोष्ट बक्स जडान कार्यक्रमको लागि रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

३३. यस नगरपालिकाको क्षेत्रभित्रका जिर्ण सडकहरुको मर्मत सम्भार तथा स्तरोन्नती, गतवर्ष पूरा हुन नसकेका अधुरा सडकहरुको निर्माण, निकासी सडक मर्मत, नाली तथा ढल निर्माण, खरको छानो प्रतिस्थापन लगायतका कार्यको लागि स्थानीय सडक भवन तथा पूर्वाधार शीर्षकमा जम्मा रु. ३६ करोड ८६ लाख ६५ हजार ५ सय २८ विनियोजन गरिएको छ ।

**वातावरण तथा विपद् व्यवस्थापन**

३४. **"ग्रिन तिलोत्तमा : क्लिन तिलोत्तमा"** भन्ने मूल नाराका साथ संचालन गरिएको हरियाली प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ । नगर सरसफाई तथा हरियाली प्रवर्धन कार्यक्रम, प्लाष्टिक मुक्त नगरपालिका कार्यन्वयन कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३५. जलउत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम अन्तर्गत तिनाउ नदी नियन्त्रण कार्यको लागि रु. २५ लाख, रोहिणी र सुखौरा खोला नियन्त्रण कार्यको लागि रु १५ लाख बजेटको व्यवस्था गरिएको छ ।

३६. फोहरमैलालाई श्रोतमै वर्गिकरण गरी संकलन गर्ने, सड्ने गल्ने फोहरलाई प्रशोधन गरी मलको रुपमा उपयोग गर्ने गरी फोहरमैला व्यवस्थापन गर्ने कार्यलाई प्रेरित गरिनेछ । आफ्नो घरको फोहर आफै व्यवस्थापन गर्नुपर्छ भन्ने सोचको विकास गरी फोहरलाई मोहरमा वदल्ने नीति अख्तियार गरिने छ । तिलोत्तमा नगरपालिकाको वडा नं ६ र वडा नं. ८ मा सार्वजनिक नीजि साझेदारीको माध्यमबाट सरसफाई केन्द्र स्थापना गर्नको लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

३७. यसैगरी वन तथा भू-संरक्षण, जलाधार संरक्षण, विपद् व्यवस्थापन, विपद् प्रतिकार्य योजना तयारी लगायतका कार्यक्रमको लागि वातावरण तथा विपद् व्यवस्थापन शीर्षकमा कूल ४ करोड १५ लाख रकम विनियोजन गरिएको छु ।

**खानेपानी तथा सरसफाई**

३८. खानेपानी तथा सरसफाई, सेवा सुविधाको नियमन, व्यवस्थापन र सार्वजनिक शौचालय निर्माण लगायतका क्षेत्रका लागि रु. ६८ लाख रकम विनियोजन गरिएको छ ।

**खेलकूद तथा मनोरञ्जन**

३९. विकास, अनुशासन र गतिशीलतालाई प्रवर्द्धन गर्नको लागि युवा साझेदारी कार्यक्रम, युवा स्व-रोजगार कार्यक्रम तथा खेलकुद सामग्री खरिद लगायतका कार्यको लागि रु. १ करोड ९७ लाख ३० हजार विनियोजन गरिएको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

फरक क्षमता भएका व्यक्ति, महिला, वालवालिका, जेष्ठ नागरिक, जातीय विभेद न्यूनीकरण, समतामूलक समाज निर्माण र राज्यले अवलम्वन गरेको समावेशी विकासलाई प्रवर्द्धन गर्नको लागि तिलोत्तमा नगर सरकार समेत प्रतिवद्ध रहेको छ । क्षेत्रगत जनसाख्यिक संरचना र त्यस स्थानको आवश्यकता अनुसार मागमा आधारित लक्षित वर्ग कार्यक्रम सञ्चालन गर्नको लागि प्रत्येक वडामा रु. ४७०००० का दरले र सामाजिक सुरक्षा लगायत केही नगरस्तरीय कार्यक्रम समेत गरी यस शीर्षकमा जम्मा रु.१७ करोड ८७ लाख ९० हजार ७९ विनियोजन गरिएको छ ।

**सार्वजनिक सेवा प्रवाह, सुशासन तथा संस्थागत विकास**

४०. नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुमा सेवाग्राहीहरुको सरल र सहज पहुँच कायम गर्न आवश्यक पूर्वाधार सुधार गरिनेछ । संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यलाई यसै वर्ष सम्पन्न गरी कार्यालयको कार्यवोझ, आवश्यकता र राजश्व क्षमताको आधारमा नयाँ संगठन संरचना निर्माण गरिनेछ र सोही अनुसार कर्मचारी पदपूर्ति प्रक्रिया अगाडी वढाउने व्यवस्था मिलाईनेछ ।

४१. भ्रष्टाचार र अनियमितता विरुद्ध शुन्य सहनसिलताको नीति अख्तियार गरि सेवा प्रवाहलाई सेवाग्राहीमैत्री र पारदर्शी वनाईने छ । स्थानीयवासीहरुलाई सूचनाको हकको प्रत्याभूत गराई संस्थागत सुशासन कायम गर्नको लागि सार्वजनिक रुपमा आवधिक समीक्षा, सार्वजनिक सुनुवाई, जनतासँग मेयर जस्ता कार्यक्रमहरु संचालन गर्न

आवश्यक बजेट व्यवस्था गरिएको छ । सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन कार्यलाई प्रविधीमैत्री र पारदर्शी बनाउनको लागि विद्युतीय प्रणालीको विकास गर्न आवश्यक बजेटको व्यवस्था गरेको छ ।

४२. आम नागरिक र स्थानीयबासीलाई सहज, सरल र सुविधाजनक तरिकाले सेवा उपलब्ध गराउनको लागि नगरपालिकाको प्रशासनिक भवनमा डिजिटल नागरिक वडापत्र र नगरपालिकाको मुख्य स्थानहरुमा फ्री वाइफाइ जोनको लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

४३. जनप्रतिनिधी र राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नको लागि तालिम लगायत अभिमुखिकरण कार्यक्रम संचालन गर्नको लागि पर्याप्त बजेटको व्यवस्था गरिएको छ । कर्मचारीहरुको मनोवल उच्च राखी सेवा प्रवाहमा प्रेरित गर्नको लागि स्थानीय सरकारको विनियोजनबाट तलव भत्ता प्राप्त गर्ने सम्पूर्ण कर्मचारीहरुलाई नेपाल सरकारले आफ्नो बजेटमार्फत घोषणा गरेको वृद्धिदर अनुसार एकरुपता हुने गरी तलवभत्ता समायोजन गरिने छ

४४. बाल विकासको क्षेत्रमा कार्यरत वाल शिक्षकले उच्च मनोवलका साथ काम गर्ने वातावरणको सृजना गर्न बाल शिक्षकहरुलाई नगरपालिकाबाट समेत थप पारिश्रमिक दिने गरी बजेटलाई निरन्तरता दिइएको छ ।

**आकस्मिक पूर्वाधार**

४५. वडाको क्षेत्रभित्र पर्ने आकस्मिक र भैपरी आउने समस्याहरुलाई सम्बन्धित वडाभित्रैबाट तत्काल सम्वोधन गर्नको लागि प्रत्येक वडा समितिको निर्णय बमोजिम खर्च गर्न सक्ने गरी रु. १० लाखको दरले जम्मा १ करोड ७० लाख रुपैया बजेटको व्यवस्था गरिएको छ । यस कार्यबाट वार्षिक बजेट र नीति तथा कार्यक्रममा सम्बोधन हुन

नसकेका र सानातिना आकस्मिक समस्याहरु सहज तरिकाले वडा कार्यलयबाटै समाधान हुने अपेक्षा गरिएको छ ।

**आदरणीय अध्यक्ष महोदय,**

४६. यसरी समग्रमा तिलोत्तमा नगरपालिकाको आ.व. २०७६/७७ को कूल बजेटको आकार रु. १ अर्व ५४ करोड ३९ लाख १० हजार रहने गरी सन्तुलित बजेटको प्रस्ताव गरेको छु । जसमध्ये चालुतर्फ रु. ५३ करोड ३९ लाख ७० हजार (३४.५९ प्रतिशत) र पूजीगततर्फ रु. १ अर्व ९९ लाख ४० हजार (६५.४१ प्रतिशत) खर्च प्रस्ताव गरिएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु ।

४७. मैले प्रस्तुत गरेको बजेटको कार्यान्वयनबाट नगरवासीहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन, नगर सरकारको प्रभावकारिताको अभिवृद्धि भई नागरिकहरुले स्थानीय सरकारको सवल र प्रभावकारी उपस्थिति रहेको महसुस गर्ने छन भन्ने विश्वास लिएको छु । प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आम स्थानीयवासी र सरोकारवाला सम्पूर्णबाट रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

४८. यो बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने नगर प्रमुखज्यू, नगर कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायतका कर्मचारीज्यूहरु, राजनीतिक दलका प्रतिनिधीज्यूहरु, टोल विकास संस्था, स्थानीय वुद्धिजीवी, नागरिक समाजका अगुवा, संघ संस्था, सहकारी, नीजि क्षेत्र, सञ्चारकर्मी सम्पूर्ण नगरवासीहरुका हार्दिक धन्यवाद ज्ञापन गर्दछु । धन्यावाद !

जगेश्वर देवी चौधरी

नगर उप-प्रमुख

मिति २०७६/०३/१० गते

# तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

आय व्ययको विवरण

आ.व. ०७६/०७७

अनुसूची १

| क्र.स. | आम्दानीको श्रोत | आ.व. ०७५।०७६ को अनुमान | आ.व. ०७५।०७६ को जेष्ठ मसान्त सम्म | आ.व. ०७६।०७७ को अनुमान |
|---|---|---|---|---|
| आय | | | | |
| | राजश्व: | | | |
| | आन्तरिक राजश्व | ३६६३४००००।०० | २८९०९२२४५।१६ | ४३७३५००००।०० |
| | राजश्वबाट प्राप्त बाडफाड | ५२००००००।०० | ८३४१३४५२।०० | ६३९२०११५।०० |
| | जम्मा | ४१८३४००००।०० | ३७२५०५६९७।१६ | ५०१२७०११५।०० |
| | अन्य आय (गत वर्षको मौज्दात) | १०२५०००००।०० | १११६९०७९०।७७ | १००००००००।०० |
| | जम्मा | ५२०८४००००।०० | ४८४१९६४८७९३ | ५११२७०११५।०० |
| अन्तर सरकारी वित्तिय हस्तान्त्रण: | | | | |
| | संधीय सरकार | ७५०७३३०००।०० | ७१४९५५०००।०० | ८९५५७४०००।०० |
| | प्रदेश सरकर | ४०६७८०००।०० | ५९७८०००।०० | ४६९४००००।०० |

| | | | | |
|---|---|---|---|---|
| | संसद विकास कोष | २१००००००।०० | २०५०००००।०० | २५००००००।०० |
| | जि.स.स. बाडफाड | ०।०० | ०।०० | ६५१२५८८५।०० |
| | जम्मा | ८१२४११०००।०० | ७४१४३३०००।०० | १०३२६३९८८५।०० |
| | संघीय तर्फ अ.ल्या. | २००००००००।०० | ०।०० | ०।०० |
| | **आम्दानी तर्फको जम्मा** | **१३५३२५१०००।००** | **१२२५६२९४८७९३** | **१५४३९१००००।००** |
| | **आन्तरिक श्रोत तर्फ** | | | |
| | चालू | १२००००००००।०० | ४८९१७४२५।८७ | ११९३८००००।०० |
| | पूजिगत | ३८०८४००००।०० | २२४१४०१३०।९७ | ३९१८९०११५।०० |
| | जम्मा | ५००८४००००।०० | २७३०५७५५६।८४ | ५११२७०११५।०० |
| | **नेपाल सरकार अनूदान तर्फ** | | | |
| | चालू | २०००००००००।०० | १४३२७३८२५।८७ | ४१४५९००००।०० |
| | पूजिगत | ३७९७११०००।०० | १०९०४१३९८।३७ | ६१८०४९८८५।०० |
| | स सर्त पूजीगत अनुदान | २७२७००००००।०० | | |
| | मौज्दात बाकी | ०।०० | ०।०० | ०।०० |
| | विविध विशेषकोषमा ट्रान्सफर | ०।०० | ०।०० | ०।०० |
| | जम्मा | ५७९७११०००।०० | २५२३१५२२४।२४ | १०३२६३९८८५।०० |
| | **खर्च तर्फको जम्मा** | **१३५३२५१०००।००** | **५२५३७२७८१।०७** | **१५४३९१००००।००** |

# तिलोत्तमा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, मणिग्राम रुपन्देही

### आ.व. ०७४।०७५ यथार्थ आ.व. ०७५।०७६ को अनुमानित तथा जेष्ठ मसान्त सम्मको यथार्थ र आ.व. ०७६।०७७ को प्रस्तावित आय विवरण

| क्र.स. | आम्दानीको श्रोत | आ.व.०७४।०७५ को यथार्थ | आ.व.०७५।०७६ अनूमानित | ०७५ जेष्ठ मसान्त सम्मको यथार्थ | आ.व.०७६।०७७ को लागि प्रस्तावित |
|---|---|---|---|---|---|
| क | **स्थानीय राजस्व** | **१२६५४०४९०।६८** | **३९८३४००००।००** | **३७२५०५६९७।१६** | **५०१२७०११५।००** |
| अ | **कर दस्तुर** | **१२२८७४०१७।६८** | **३६६३४००००।००** | **२८९०९२२४५।१६** | **४३७३५००००।००** |
| १ | एकीकृत संपत्ति कर (साविकको मालपोत ) | १११४२०२८।०० | २७००००००।०० | २९६२८१०।५५ | ५०००००००।०० |
| | एकीकृत संपत्ति कर (साविकको घरकर) | ४५१४२१८।०० | | २६८७१८१२।०७ | |
| २ | घरबहाल कर | ११२१२५४।६८ | ६००००००।०० | ६२८४६६२।१० | २००००००।०० |
| ३ | व्यवसाय कर | १००३४१३४।०० | २५०९००००।०० | १११०८५५६।०० | २५००००००।०० |
| | वित्तिय संस्था कर | १०१५००।०० | | | |
| | व्यवसायिक भिडियो कर | १११२१०।०० | | | |
| ४ | विज्ञापन कर | १२३२००।०० | १००००००।०० | ३४५०५५।०० | ५०००००।०० |
| ५ | बहाल विटौरी कर (हाटवजार पसल कर) | २४२०७५०।०० | १५०००००।०० | ६०२४८७०।५६ | ४५०००००।०० |
| ६ | **सेवा शुल्क, दस्तूर** | | | | |
| | क नक्सा पास दस्तुर | ३५०२२०४४।०० | २०००००००।०० | २५२९२५३४।२५ | ३०००००००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | ख सिफारिस तथा निवेदन दस्तुर | १८८५५२६१।०० | १८००००००।०० | १३२८५६३६।७२ | १५००००००।०० |
| | ग घटना दर्ता विलम्ब दस्तूर | २७८५१०।०० | २५००००।०० | २२४८८८।०० | २०००००।०० |
| | घ अन्य दस्तूर (विविध आय) | ३२०६१६८।०० | १००००००।०० | १३८८१८२।९२ | २००००००।०० |
| ८ | **विविध आय** | | | | |
| | **क नदिजन्य पदार्थ विक्री कर** | | ११०००००००।०० | | |
| | नदिजन्य पदार्थ ठेक्का बन्दोवस्त बाट आय | ०।०० | | १२०९२४१२०।०० | २५०००००००।०० |
| | नदिजन्य पदार्थ अमानत बाट आय | ०।०० | | ४१०७८२६३।०८ | ५००००००।०० |
| | ख. सडक मर्मत संभार दस्तुर | ११८०८०६२।०० | | १०८२११०६।०० | १००००००००।०० |
| | ख शिक्षा तथा स्वस्थ्य विकास कर | २३९८५६७८।०० | १००००००००।०० | २२३६९७४७।९१ | २५०००००००।०० |
| | ग भाडाबाट आय | ०।०० | ०।०० | ०।०० | ०।०० |
| | घ माछा पोखरी | ०।०० | ०।०० | ०।०० | ५००००।०० |
| | ङ धरौटी जफत | १५००००।०० | ०।०० | ११००००।०० | ०।०० |
| | च दण्ड जरिवानाबाट प्राप्त आय | ०।०० | २५०००००।०० | ०।०० | १००००००।०० |
| **आ** | **राजश्व बाँडफाँडबाट प्राप्त** | ३६६६४७३।०० | ३२००००००।०० | ८३४१३४५२।०० | ६३९२०११५।०० |
| १ | घर जग्गा रजिस्ट्रेशन बाट आय ( मालपोत) | २८४७४०८।०० | ३१००००००।०० | ८३४१३४५२।०० | ६१९२०११५।०० |
| ३ | सवारी साधन कर | ८१९०६५।०० | १००००००।०० | ०।०० | ०।०० |
| ४ | सामुदायिक वनको आय | ०।०० | ०।०० | ०।०० | २००००००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ख | **अन्तर सरकारी वित्तिय हस्तान्तरण** | ६८७८३१५०२९५ | ८३१४११०००।०० | ७२०९३३०००।०० | १००७६३९८८५।०० |
| अ | **संघीय सरकार वित्तिय हस्तान्तरण** | ६८७८३१५०२९५ | ७७०७३३०००।०० | ७१४९५५०००।०० | ८९५५७४०००।०० |
| १ | वित्तिय समानिकरण अनुदान (संघीय) | ३५५८४३०००।०० | २१७८०००००।०० | २१७८०००००।०० | २३२५०००००।०० |
| २ | ससर्त अनुदान | २०६१८९४१२९५ | २७२७०००००।०० | २६८७८१०००।०० | २८१९०००००।०० |
| ३ | राजस्व बाँडफाँड | ०।०० | १२६२३३०००।०० | ४५२६००००।०० | १५६००००००।०० |
| ४ | समपुरक अनुदान | | | ४०६२४०००।०० | ४०६२४०००।०० |
| ५ | विशेष अनुदान | ०।०० | ०।०० | १०५५००००।०० | १०५५००००।०० |
| ६ | **अन्य ससर्त अनुदान** | | | | |
| | क. पर्यटकीय गन्तव्य स्थल | ०।०० | ०।०० | ०।०० | ५००००००।०० |
| | ख. तराई मधेश सम्मृद्धि | ०।०० | ०।०० | ४००००००।०० | १००००००००।०० |
| | ग. सडक बोर्ड नेपाल | ४००००००।०० | ४००००००।०० | ५००००००।०० | ५००००००।०० |
| ७ | अन्य अनुदान (सामाजिक सुरक्षा) | ११९७५९०९०।०० | १५००००००००।०० | १२२९४००००।०० | १५४००००००।०० |
| ८ | अन्य अनुदान | २०४००००।०० | ०।०० | | ०।०० |
| आ | **प्रदेश सरकार वित्तिय हस्तान्तरण** | ०।०० | ४०६७८०००।०० | ५९७८०००।०० | ४६९४००००।०० |
| १ | वित्तिय समानिकरण अनुदान | ०।०० | ५९७८०००।०० | ५९७८०००।०० | ५७४००००।०० |
| २ | ससर्त अनुदान | ०।०० | ७५०००००।०० | ०।०० | ११००००००।०० |
| ३ | विशेष अनुदान | ०।०० | ०।०० | ०।०० | ५२०००००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | समपुरक अनुदान | ०।०० | ०।०० | ०।०० | २००००००००।०० |
| ५ | राजश्व बाडफाड (सवारी साधन तथा अन्य) | ०।०० | २७२०००००।०० | ०।०० | ५००००००।०० |
| इ. | श्रोत उपयोगबाट प्राप्त बाँडफाँड ( जिसस) | ०।०० | २०००००००।०० | | ६५१२५८८५।०० |
| ग | निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम | ०।०० | २१००००००।०० | २०५०००००।०० | २५००००००।०० |
| १ | क्षेत्र नं. १ | ०।०० | ८००००००।०० | २०५०००००।०० | १००००००००।०० |
| २ | क्षेत्र नं. २ | ०।०० | १०००००००।०० | | १२००००००।०० |
| ३ | क्षेत्र नं. ३ | ०।०० | ३००००००।०० | | ३००००००।०० |
| | **जम्मा** | ०।०० | २१००००००।०० | २०५०००००।०० | २५००००००।०० |
| इ | **गत वर्षको मौज्दात अ.ल्या.** | १९२००६६८९।९८ | १०२५००००००।०० | १११६९०७९०।७७ | १००००००००।०० |
| | **कुल जम्मा आम्दानी** | **१००६३७८६८३।६१** | **१३५३२५१०००।००** | **१२२५६२९४८७।९३** | **१५४३९१००००।००** |
| | **व्ययः** | | | | |
| **१** | **कार्य संचालन तथा प्रशासनिक खर्च** | | | | |
| १.१ | संचालन खर्च (चालु) | ७५४१८२६८।८८ | १७००००००००।०० | ९७८३४८५१।७३ | १७६८८००००।०० |
| १.४ | सामाजिक सुरक्षा | ११९७५९०९०।०० | १५००००००००।०० | ९४३५६४००।०० | १५४००००००।०० |
| १.५ | शिक्षा स्वास्थ्य आर्यूवेद पशू, कृषि सहकारी तथा म. विकास, रोजगार प्रवर्द्धन, | २०६१८९४१२।९५ | २७२७००००००।०० | १७३४३७८७०।८० | ०।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रधानमन्त्री रोजगार तर्फका ससर्त अनूदान का कार्यक्रमहरु | | | | |
| | जम्मा | १९५१७७३५८।८८ | ५९२७०००००।०० | ३६५६२९१२२।५३ | ३३०८८००००।०० |
| २ | पुजिगत खर्च तर्फ | | | | |
| २.१ | आर्थिक विकास कार्यक्रम | १८४५२५२२।०० | ७४७३४०००।०० | ५९२२७८२७।५१ | १०८२०८०००।०० |
| २.२ | सामाजिक विकास कार्यक्रम | २६३२७७४९४।९५ | ११९४२००००।०० | ८०२६६८४९।९७ | ४२८४९३०७८।९८ |
| २.३ | पुर्वाधार विकास कार्यक्र | ३१५५२२४५८।८४ | ३५२१३५०००।०० | २०१७८६२४४।४६ | ४१७८०४९२१।०२ |
| २.४ | वातावरण तथा विपत व्यवस्थापन | ३६६४१५८६।२४ | ५५१६२०००।०० | २८३३४६५८।०० | ४१५००००००।०० |
| २.५ | संस्थागत विकास तथा सेवा प्रवाह | ४४४४३२५३।०० | १२२१०००००।०० | ३६४७९०१४।०० | १९६०२४०००।०० |
| २.६ | अन्य खरिद | २११७३२१८।९३ | ३७००००००।०० | ०।०० | २१००००००।०० |
| | जम्मा | ६९९५१०५३३।९६ | ७६०५५१०००।०० | ४०६०९४५९३।९४ | १२१३०३००००।०० |
| | जम्मा चालु तथा पुजिगत खर्च | ८९४६८७८९२।८४ | १३५३२५१०००।०० | ७७१७२३७१६।४७ | १५४३९१००००।०० |

# तिलोत्तमा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, मणिग्राम रुपन्देही
### आ.व. ०७६/०७७ को वार्षिक योजना तथा कार्यक्रम

कार्य क्षेत्रगत व्यय अनुमान

| संकेत नं. | शीर्षक | आ.व. २०७५/०७६ को संशोधित अनुमान यथार्थ | आ.व. २०७६/०७७ को अनुमान |
|---|---|---|---|
| १० | आर्थिक विकास | ७४७३४०००।०० | १०८२०८०००।०० |
| १०१० | कृषि | २९५८४०००।०० | ३९६४५०००।० |
| १०२० | उद्योग तथा वाणिज्य | १३००००००।०० | ११२३८०००।० |
| १०३० | पर्यटन | ४१८५००००।०० | ५४८२५०००।० |
| १०४० | संहकारी | १५००००००।०० | २००००००।० |
| १०५० | वित्तिय क्षेत्र | ५००००००।०० | ५०००००।० |
| | जम्मा | ७४७३४०००।०० | १०८२०८०००।० |
| २० | सामाजिक विकास | ५४२४२००००।०० | ५८२४९३०७९।० |
| २०१० | शिक्षा | २८१९८३०००।०० | ३१६६२७०००।० |
| २०२० | स्वास्थ्य | ५२१९३०००।०० | ५३३७६०००।० |
| २०३० | खोपानी तथा सरसफाई | ६१००००००।०० | ६८००००००।० |
| २०४० | संस्कृति प्रवर्द्धन | ९७७५०००।०० | ७१७००००।० |

| | | | |
|---|---|---|---|
| २०५० | खेलकूद तथा मनोरञ्जन | १९९०००००।०० | १९७३००००।० |
| २०६० | लैगिक समानता तथा समाजिक समावेशीकरण | १७२४६९०००।०० | १७८७९००७९।० |
| | जम्मा | ५४२४२००००।०० | ५८२४९३०७९।० |
| ३० | पुर्वाधार विकास | ३५१२३५०००।०० | ४१७८०४९२१।० |
| ३०१० | स्थानीय सडक पुल तथा झोलुङेपुल | १९३१००००००।०० | २०१९०५५२८।० |
| ३०२० | सिंचाई | ४७८८५०००।०० | ३३११२२२६।२ |
| ३०३० | भवन तथा सहरी विकास | ८८२५००००।०० | १६६७६००००।० |
| ३०४० | उर्जा,लघू तथा साना जलविद्युत वैकल्पिक उर्जा समेत | २०५०००००।०० | १३६२७१६६।९ |
| ३०५० | संचार | १५००००००।०० | २४००००००।० |
| | जम्मा | ३५१२३५०००।०० | ४१७८०४९२१।० |
| ४० | वातावरण तथा विपद व्यवस्थापन | ५५७६२०००।०० | ४१५०००००।० |
| ४०१० | वन तथा भु संरक्षण | १८३६२०००।०० | ६८००००००।० |
| ४०२० | जलाधार संरक्षण | ५०००००००।०० | २५००००००।० |
| ४०३० | वातावरण संरक्षण,जलवायु परिवर्तन | ८०००००००।०० | १२८००००००।० |
| ४०४० | फोहरमैला तथा ढल व्यवस्थापन | २१००००००००।०० | १०६००००००।० |
| ४०५० | जलउत्पन्न प्रकोप नियन्त्रण | ६१००००००।०० | ४९००००००।० |
| ४०६० | विपद व्यवस्थापन | १००००००००।०० | ३२००००००।० |
| ४०७० | वारुण यन्त्र संचालन | ८००००००।०० | ७००००००।० |
| | जम्मा | ५५७६२०००।०० | ४१५०००००।० |
| ५० | संस्थागत विकास सेवा प्रवाह र सूशासन | १२२१००००००।०० | १९६०२४०००।० |

| | | | |
|---|---|---|---|
| ५०१० | सामान्य सेवा | ०।०० | ०।० |
| ५०२० | सुरक्षा व्यवस्थापन | १००००००।०० | ५५०००००।० |
| ५०३० | सुचना प्रविधि | ७००००००।०० | ४१०००००।० |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | २०००००।०० | २०००००।० |
| ५०५० | स्थानीय तथ्याक संकलन र अभिलेख व्यवस्थापन | ३०००००।०० | ३०००००।० |
| ५०६० | सूशासन प्रवर्द्धन | १०१००००००।०० | १४८०००००।० |
| ५०७० | अनूसन्धान तथा विकास | १५०००००।०० | ३६५००००।० |
| ५०८० | अन्यत्र वर्गिकृत नभएको | १०२००००००।०० | १६७४७४००००।० |
| | जम्मा | १२२१००००००।०० | १९६०२४००००।० |
| ६० | कार्य संचालन तथा प्रशासनिक खर्च | २०७००००००।०० | १९७८८००००।० |
| ६०१० | प्रशासनिक खर्च | १७००००००००।०० | १७६८८००००।० |
| ६०२० | पूजिगत खर्च | ३७००००००।०० | २१००००००।० |
| | जम्मा | २०७००००००।०० | १९७८८००००।० |
| | कूल जम्मा | १३५३२५१०००।०० | १५४३९१००००।० |

# तिलोत्तमा नगरपालिकाको विनियोजन ऐन, २०७६

**तिलोत्तमा नगरपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन।**

**सभामा पेश भएको मितिः २०७६/०३/१०**

**प्रस्तावनाः** तिलोत्तमा नगरपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम तिलोत्तमा नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

 १. यस ऐनको नाम "तिलोत्तमा नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

 २. यो ऐन २०७६ श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. **आर्थिक वर्ष २०७६/०७७ को निमित्त संचितकोषबाट रकम खर्च गर्ने अधिकार**

 १. आर्थिक वर्ष २०७६।०७७ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. १,५४,३९,१०,००० (अक्षेरुपी एक अर्व, चौवन्न करोड उन्चालिस लाख दश हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

 २. उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि यो ऐन प्रमाणिकरण पश्चात कुनै मन्त्रालय, संघ-संस्था, दातृनिकाय लगायत अन्य कुनै स्थानबाट निशर्त या सशर्त कार्यक्रमको रुपमा खर्च गर्ने गरी नगरपालिकाको सञ्चित

कोषमा थप रकम प्राप्त हुन आएमा नगर कार्यपालिकाको स्वीकृती लिई खर्च गर्न वाधा पुग्ने छैन ।

३. **<u>विनियोजन</u>**

१. यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त तिलोत्तमा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

३. उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

४. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१
(दफा) २ सँग सम्बन्धित)

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

संचित कोषबाट विनियोजन हुने रकम रु. १,५४,३९,१०,०००।—

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिका, वडा सिमित | ३३,०८,८०,०००।- | ९३,११,३०,०००।- | ० | १,२६,२०,१०,०००।- |
| ३ | | विषयगत शाखा | २०,३०,९०,०००।- | ७,८८,१०,०००।- | ० | २८,१९,००,०००।- |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | **जम्मा** | ५३,३९,७०,०००।- | १,००,९९,४०,०००।- | ० | १,५४,३९,१०,०००।- |

**सभाबाट पास भएको मितिः २०७६/०३/१०**